# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मिति: २०७५/०२/१३ गते

## प्रेस विज्ञप्ति
### विषय: आरोप-पत्र दायर गरिएको।

-------------------------------------------------

कलैया नगरपालिका, बारा अन्तर्गत सेतो गुराँस बालविकास सेवामा सामाजिक परिचालकका रुपमा कार्यरत रामवली चौधरी चौहानले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी कार्यरत रहेको हुँदा निजको शैक्षिक योग्यताका प्रमाण-पत्रहरु उपर छानबिन गरिपाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निजले एस.एल.सी वोर्ड अन्तर्गत श्री तीन चन्द्र मा.वि. कलैयाबाट एस.एल.सी पास गरेको झुट्टा एवं नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी सेवामा बहाल रही लाभ समेत लिएको पुष्टी भएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसूर भएको देखिन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कसुरको मात्रा अनुसार जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(कालीप्रसाद पराजुली)
सह-सचिव